नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या :- २०८०।०८१

चलानी नं.: ४३२

मिति: २०८१।०१।०९

विषयः निशुल्क उपचारका लागि सिफारिस सम्बन्धमा ।

श्री गाउँपालिका/नगरपालिका (सबै) ।

काठमाडौ महानगरपालिकाको प. सं. २०८०।०८१, च. नं. १०८०, मिति २०८०।११।१६ को आवश्यक समन्वय गरिदिने सम्बन्धी पत्र संलग्न छ । सो सम्बन्धमा काठमाडौ महानगरपालिका क्षेत्र भित्रका सम्पूर्ण अस्पतालहरुले कुल शैयाको दश प्रतिशतमा नेपालको जुनसुकै स्थानका लक्षित वर्गलाई अनिवार्य निःशुल्क उपचार सेवा उपलव्ध गराउनुपर्ने कानूनी व्यवस्था बमोजिम लक्षित वर्ग विपन्न, असहाय, बेवारिसे बिरामीलाई वडा कार्यालयहरुबाट सिफारिस गर्दा **'काठमाडौ महानगरपालिका अस्पतालमा निःशुल्क उपचार सेवा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८०'** मा व्यवस्था भएबमोजिम आवश्यक रित पुऱ्याई सिफारिस गर्ने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

१।९

(दीपेश कट्टेल)
शाखा अधिकृत

बोधार्थः
श्री काठमाडौ महानगरपालिका, बागदरबार, काठमाडौ ।
श्री सूचना तथा प्रविधि शाखाः वेबसाइटमा अपलोड गरी सम्पूर्ण स्थानीय तहमा इमेल गरिदिनुहुन ।

सिंहदरबार, काठमाडौं फोन नं. ०१-४२००५११/०१-४२००३०४
E-mail: cmmofald@gmail.com/local.level.coordination@mofaga.gov.np Website: www.mofaga.gov.np

# काठमाडौं महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बागदरबार, काठमाडौं, बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८०/८१
चलानी नं: १०८०

मितिः २०८०/११/१६

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषयः आवश्यक परिपत्र गरिदिने सम्बन्धमा।

प्रस्तुत विषयमा स्वास्थ्य संस्था संचालन मापदण्ड, २०७७ को ७० (घ) र काठमाडौं महानगरपालिका जनस्वास्थ्य ऐन २०८० को दफा २८ बमोजिम काठमाडौं महानगरपालिका क्षेत्र भित्रका सम्पुर्ण अस्पतालहरुले कुल शैयाको १० प्रतिशतमा नेपालको जुनसुकै स्थानका लक्षित वर्गलाई अनिवार्य रुपमा निःशुल्क उपचार सेवा उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था भएको र "काठमाडौं महानगरपालिका अस्पतालमा निःशुल्क उपचार सेवा उपलब्ध गराउने सम्बन्धी कार्यविधी, २०८०" स्वीकृत भई सो कार्यविधी बमोजिम http://freehealth.kathmandu.gov.np सफ्टवयेर कार्यन्वयनमा आई सकेको हुँदा लक्षित वर्ग विपन्न, असाहय, बेवारिसे विरामीलाई वडा कार्यालयहरुबाट सिफारिस गर्दा ऐ.ऐ. कार्यविधी २०८० बमोजिम कार्यन्वयन गर्ने सम्बन्धमा सम्पूर्ण स्थानिय तहहरुलाई पत्रचार गरी सहयोग गरिदिनुहुन अनुरोध छ ।

पुनश्चः विरामीलाई सिफारिस गर्दा अनिवार्य रुपमा कार्यविधीको अनुसूची ५ बमोजिमको आर्थिक विवरण भराई अनुसूची ४ बमोजिको सर्जिमन मुचुल्का र अनुसूची ३ बमोजिमको विरामीको उपचार सुनिश्चित हुने अस्पतालमा सम्बन्धित वडाबाट सिफारिस गर्ने र आवश्यक अनुसूचीहरु सबै ऐ.ऐ. वेवसाईटबाट डाउनलोड गर्न सकिने ।

वोधार्थः

- श्रीमान् प्रमुखज्यूको सचिवालय, काठमाडौं महानगरपालिका।
- श्रीमान् उप-प्रमुखज्यूको सचिवालय, काठमाडौं महानगरपालिका।

(प्रदीप परियार)
प्रमुख प्रशासकिय अधिकृत